बैठक संख्या : ८३ (त्रियासी)

समय : दिउँसो

आज मिति २०८० आषाढ २ गते विदुर नगरपालिकाका प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | प्रमुख | |
| २ | श्री प्रभा बोगटी | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्यामकृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तमाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिव वहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिर मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

Scanned with CamScanner

# ८३ औं कार्यपालिका बैठक (२०८०।०३।०२)

## विषय सूची:

१. ८२ औं नगर कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा
२. हात्तिगौंडा पन्थगाउं भदुवार सडक निर्माण बिदुर १२ को भेरिएसन स्वीकृत सम्बन्धमा
३. आर्थिक वर्ष ०८०/०८१ को वजेट सिलिङ स्वीकृत र वजेट विनियोजन चरण सम्बन्धमा
४. नगर सभाको वैठक तोक्ने सम्बन्धमा
५. हात्तिगौंडा राईसिङ कागुने सडकमा थप रकम सम्बन्धमा
६. घरभेट सुत्केरी पि.एन.सी.कार्यक्रम सम्बन्धमा
७. आपतकालिन वाल उध्दारकोष कार्यविधी २०८० स्वीकृत सम्बन्धमा
८. विविध
- टासलिङ गुम्बा रकम भुक्तानी सम्बन्धमा
- न्यायिक समितिको जग्गा सम्बन्धी विवाधको सिफारिस सम्बन्धमा
- रासायनिक विषादीको सचेतना र जैविक कृषि अभ्यासहरुमा तालिम संचालन सम्बन्धमा
- नदीजन्य पदार्थ सम्बन्धमा
- बाखा प्रवर्द्धन कार्यकम, विदुर नगरपालिका वडा नं १३ सम्बन्धमा

## निर्णयहरू:

**प्रस्ताव नं १. ८२ औं नगर कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा**

**निर्णय नं. १)**

नगर कार्यपालिकाको ८२ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने ।

**प्रस्ताव नं २. हात्तिगौंडा पन्थगाउं भदुवार सडक निर्माण बिदुर १२ को भेरिएसन स्वीकृत सम्बन्धमा**

**निर्णय नं. २)**

हात्तिगौडा पन्थगाउँ भदुवार सडक निर्माण चरणमा रहेको र त्यस योजनाको केही खण्डमा BoQ समावेश भएका केही भाग स्वीकृत ल.ई.मा परिवर्तन नहुने गरी थप घट गर्न पर्ने भनी यस कार्यालयमा पेश भएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ को १ को "ङ" अनुसार BOQ को Item मा २५ प्रतिशत भन्दा बढी भेरिएशन अर्डर भएकोले रकममा नवढ्ने गरी भेरिएसन स्वीकृत गर्ने ।

Scanned with CamScanner

**प्रस्ताव नं ३. आर्थिक वर्ष ०८०/०८१ को वजेट सिलिङ स्वीकृत र वजेट विनियोजन चरण सम्बन्धमा**

**निर्णय नं. ३)** आगामी आर्थिक वर्ष ०८०/०८१ को लागि स्रोत अनुमान तथा वजेट तर्जुमा समितिवाट सिलिङमा आएको रु.१,१०,११,९८०००। (अक्षेरुपी एक अर्ब दश करोड एघार लाख अन्ठानब्बे हजार) रकमको सिलिङ र विभिन्न विषयगत समितिमा विनियोजन गरिएको वजेट स्वीकृत गर्ने ।

**प्रस्ताव नं ४. नगर सभाको वैठक तोक्ने सम्बन्धमा**

**निर्णय नं. ४)** यस नगरपालिकाको तेह्रौ नगर सभा मिति २०८०/०३/१० गते जिल्ला समन्वय समितिको हलमा गर्ने ।

**प्रस्ताव नं ५. हात्तिगौंडा राईसिङ कागुने सडकमा थप रकम सम्बन्धमा**

**निर्णय नं. ५)** हात्तिगौडा राईसिङ कागुने सडक खण्डको लागि विनियोजित रकमवाट काम सम्पन्न नहुने हुदा उक्त सडक निर्माणका लागि चालु आ.व.मा २५ लाख रकम थप गर्ने । हालको ठेक्काको हकमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ को १ को "ङ" अनुसार BOQ को Item मा २५ प्रतिशत भन्दा बढी भेरियशन अर्डर भएकोले रकममा नवढ्नें गरी भेरियसन स्वीकृत गर्ने ।

**प्रस्ताव नं ६. घरभेट सुत्केरी पि.एन.सी.कार्यक्रम सम्बन्धमा**

**निर्णय नं. ६)**
**स्थानीय तह अन्तर्गत स्थानीय वर्थिङ्ग सेन्टरमा सुत्केरी भएको २४ घण्टामा आफ्नै संस्था मा ३,७ र** १४ दिनमा घर भेटमा गई र ४२ दिनमा स्वास्थ्य संस्थामा आमा तथा नवजात शिशु जाँच गर्न पर्ने र यदी घरमा नै सुत्केरी भएको खण्डमा प्रोटोकल अनुसार पहिलो जाँच जति सक्दो छिटो गराउन पर्ने र दोश्रो भेट ७ र १४ दिनमा घरभेटमा गई आमा तथा नवजात शिशुको जाँच गर्न जाँदा दुरीको हिसावले भौगोलिक विकटको आधारमा रु.२०० देखि ५०० सम्म यातायात खर्च उपलव्ध गराउने व्यवस्था भए अनुसार यस नगरपालिकाका सबै स्वास्थ्य संस्थामा उक्त यातायात खर्च लिन स्वास्थ्य कर्मीहरुलाई अनुमती दिने ।

**प्रस्ताव नं ७. आपतकालिन वाल उध्दार कोष कार्यविधी २०८० स्वीकृत सम्बन्धमा**

**निर्णय नं. ७)**
नगर कार्यपालिकाको विधेयक समितिबाट पेश भएको आपतकालिन वाल उध्दारकोष कार्यविधी २०८० कार्यपालिकामा स्वीकृत गरी अनुमोदनका लागि नगरसभामा पेश गर्ने ।

Scanned with CamScanner

**प्रस्ताव नं ८. विविध**

**निर्णय नं. ८)**

**क) टासलिङ गुम्बा रकम भुक्तानी सम्बन्धमा**

बिदुर नगरपालिका वडा नं.१३ मा निर्माण भएको टासिलिङ गुम्वा निर्माण गर्ने वेलामा गुम्वाको तर्फवाट भिम बहादुर तमाङ बिदुर नगरपालिकाको तर्फवाट प्रमुख प्रशासकीय अधिकृत मोहन प्रसाद मरासिनी स्थानीय पूर्वाधार विभागवाट सि.डि.ई.श्री हरि प्रसाद शर्माले मिति २०७८/१०/०५ मा सम्झौता गरेको र विभागवाट उपलव्ध गराउन पर्ने रकम भुक्तानी भइसकेको र यस नगरपालिकावाट सम्झौता अनुसार उपलव्ध गराउने रकम दिन वाँकी रही भुक्तानी दिन मिति २०८०/०२/१६ को कार्यपालिका वैठकमा पेश हुंदा उक्त गुम्बाको अवश्था हेरी भुक्तानी दिने निर्णय भएको हुदा उक्त्त योजनाको अनुगमन गर्न वडा नं.१३ को वडा अध्यक्ष भरत बहादुर तमाङको संयोजकत्वमा समिति गठन गरी उक्त समितिले काम गरेको भनी प्रतिवेदन दिएको हुंदा उक्त गुम्वालाई सम्झौता अनुसार दिन वांकी रकम रु.३,६०,०००/- (अक्षेरुपी तिन लाख साठी हजार मात्र) रकम गत वर्षको भुक्तानी शीर्षकमा राखी भुक्तानी दिने ।

**ख) न्यायिक समितिको जग्गा सम्बन्धी विवाधको सिफारिस सम्बन्धमा**

मिति २०८० जेष्ठ १८ गते वसेको न्यायिक समितिको वैठकले पहिलो पक्ष काइली तमाङ समेत र दोश्रो पक्ष प्रकाश अधिकारी समेत भएको जग्गाको संधियारको विषयमा छलफल हुंदा दोश्रो पक्ष प्रकाश अधिकारीले प्रथम पक्षहरु वसेको वस्तीको जग्गामा जालीवाल लगाउने र लाग्ने खर्च मध्ये ५०% दोश्रो पक्ष प्रकाश अधिकारीले र वांकी रकम विदुर नगरपालिकाको विपद् शाखा मार्फत उपलव्ध गराउने सहमती भई यस नगरपालिकामा पेश भएको हुंदा ल.इ पश्चात अर्को कार्यपालिकामा पेश गर्ने ।

**ग) रासायनिक विषादीको सचेतना र जैविक कृषि अभ्यासहरूमा तालिम संचालन सम्बन्धमा**

महिला सशक्तिकरण बाल हेरचाह, ग्रामीण कृषि अनुसन्धान र बिस्तारको लागि संजाल (NEWCARE) ले रासायनिक विषादीको हानिकारक प्रभाव बारे सचेतना र जैविक कृषि अभ्यासहरूमा तालिम संचालन सम्बन्धमा पेश गरेको कार्यकम अनुसार आ.व. २०८०।०८१ मा बजेट विनियोजन गरी कुनै १ वटा वडामा रासायनिक विषादी र जैविक कृषि अभ्यासहरुमा सरोकारवालालाई तालिम कार्यकम संचालन गर्न उक्त संस्थालाई अनुमति दिने ।

**घ) नदीजन्य पदार्थ सम्बन्धमा**

विदुर नगरपालिका वडा नं २ गंगटे ऐरिया अन्तर्गत पुलको छेउ नजिक नदिजन्य पदार्थ उत्खनन् गरि राखेको सूचना अनुसार यस कार्यालयबाट अनुगमन गर्दा करिव ८००० घ.मि. ग्रावेल अवैध जम्मा गरेको पाइएको र सडक डिभिजन कार्यालयको च.नं. ८१९ मिति २०८०।०३।०१ को पत्र अनुसार उक्त निर्माण सामाग्री श्री यु.एस.जि/चामुण्डा जे.भि.ले प्रयोग गर्न सहजीकरण गरिदिन भनी लेखि आएकोले संघीय सरकारको ढुंगा, गिटी, बालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ बमोजिम नदिजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको दफा ९ को ङ र मापदण्डको दफा ९ को १० अनुसार तत्काल जफत र लिलाम विक्रि गर्ने प्रक्रियाको लागि जिल्ला समन्वय समितिमा उत्खनन् गरेको नदिजन्य पदार्थको परिणाम एकिन गरि लिलाम प्रक्रियामा लैजान सहजिकरणको लागि लेखि पठाउने ।

Scanned with CamScanner

ङ) बाखा प्रवर्द्धन कार्यक्रम, विदुर नगरपालिका वडा नं १३ सम्बन्धमा

प्रदेश सरकारको बाखा प्रवर्द्धन कार्यक्रम अन्तर्गत विदुर नगरपालिका वडा नं १३ को नमुना कृषि फर्म छनौट भएको र उक्त कार्यक्रमको निरीक्षण गरी प्रतिवेदन पेश गर्न मिति २०८० जेष्ठ १६ गते बसेको कार्यपालिका बैठकले वडा नं ११ का वडा अध्यक्ष बाबुराम तामाङको संयोजकत्वमा समिति गठन गरि कार्यदेश दिएको र उक्त समितिको प्रतिवेदन अनुसार फर्मलाई रकम भुक्तानी दिने।

Scanned with CamScanner